**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ३१ गते शुक्रबार ❑ 17 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## स्वास्थ्य क्षेत्रको सुधारमा जुट्यो गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालय

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालय स्वास्थ्य क्षेत्र सुधारमा जुटेको छ । सुधारका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएको मन्त्रालय चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा जुटेको हो ।

कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट तथा कार्यसञ्चालन निर्देशिका र मापदण्ड तयार गरी सम्बन्धित निकाय तथा कार्यालयमा पठाइसकिएको स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो । बुधबार मन्त्रालयमा आयोजित पत्रकार भेटघाटमा उहाँले मन्त्रालय र मातहतका निकायहरूले तदारुकताका साथ कार्यक्रम कार्यान्वयन गर्ने बताउनुभयो । "कार्यक्रम कार्यान्वयनमा कहीँकतै ढिलासुस्ती भएमा मन्त्रालय, मेरो सचिवालय वा म स्वयंलाई सम्पर्क गर्न अनुरोध गर्दछु", मन्त्री पाठकले भन्नुभयो, "बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुग्नेछ ।"

मन्त्री पाठकले प्रदेशको स्वास्थ्य क्षेत्र सुधारमा सिङ्गो प्रदेश सरकार र मन्त्रालयको नेतृत्वले गत वर्षदेखि पहल थालेको बताउनुभयो । उहाँले चालु आवमा स्वास्थ्यका ४३ वटा कार्यक्रम कार्यान्वयन हुने जानकारी दिनुभयो । तीमध्ये केही कार्यक्रम पहिलोपटक गण्डकी प्रदेशमा लागू हुन लागेका छन् । मन्त्रालयले गत वर्ष प्रदेश मातहतका नौ अस्पताल स्तरोन्नति गरेको थियो । प्रदेश सरकारअन्तर्गतका कूल १४ अस्पतालको स्वीकृत शयृया सङ्ख्या तीन सयबाट बढाएर ७५० पुर्‍याइएको उहाँको भनाइ छ ।

"अस्पताल स्तरोन्नतिको निर्णयसँगै सम्बन्धित अस्पतालमा चिकित्सकको दरबन्दी थप, उपकरण, बजेट तथा कार्यक्रमको व्यवस्था गरी पठाइएको छ", उहाँले भन्नुभयो, "मन्त्रालय मातहतका निकाय र जिल्लास्तरका कार्यालयहरूको संरचनागत हेरफर गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा गइसकेको छ ।" धवलागिरि, गोरखा र मध्यविन्दु प्रदेश अस्पतालमा आँखा उपचार शिविर एवं मोतियाबिन्दुको निःशुल्क शल्यक्रियाका लागि बजेट विनियोजन गरिएको मन्त्रालयका निमित्तसचिव डा रमेशकुमार केसीले बताउनुभयो । धवलागिरि आयुर्वेद अस्पताल, गण्डकी आयुर्वेद अस्पताल र प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा गुदारोगको निःशुल्क स्क्रिनिङ तथा उपचार सेवा सुरु गरिने उहाँको भनाइ छ ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च उपलब्ध गराइने भएको छ । मुस्ताङ र मनाङको उच्च हिमाली भेगमा उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न लागिएको मन्त्रालयले जनाएको छ । क्यान्सरका बिरामीको उपचारका लागि प्रदेश सरकारका तर्फबाट थप रु एक लाख उपलब्ध गराउनेगरी देशका विभिन्न छवटा अस्पतालसँग क्यान्सर उपचार सहायता कार्यक्रमको सम्झौता भइसकेको मन्त्रालयका निमित्तसचिव डा केसीले बताउनुभयो । गर्भवती तथा नवशिशुहरूको ज्यान जोखिममा परेमा तत्काल निःशुल्क हवाई उद्धार गर्नेगरी मन्त्रिपरिषद्बाट निर्देशिका स्वीकृत भई कार्यान्वयनमा गएको उहाँको भनाइ छ ।

मन्त्रालयले गण्डकी प्रदेशभित्रका सहिद, बेपत्ताका परिवार, द्वन्द्वपीडित, विभिन्न आन्दोलनका घाइते, अपाङ्गता भएका व्यक्तिहरू, मिर्गौलापीडित, यौनिक अल्पसङ्ख्यकको निःशुल्क स्वास्थ्य बीमा गरिएको जनाएको छ । यस वर्षदेखि प्रदेशभित्रका पत्रकारहरूको पनि निःशुल्क स्वास्थ्य बीमा प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । सम्बन्धित अस्पतालबाटै प्रोत्साहन सुविधा पाउनेगरी मनाङ, मुस्ताङ, बागलुङको बुर्तिबाङ र गोरखाको आँपपिपल अस्पतालमा विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागू गरिएको निमित्तसचिव डा केसीले बताउनुभयो ।

## मालपोत कार्यालय कास्कीद्वारा सेवा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

जेनजी प्रदर्शनका क्रममा आगजनी एवं तोडफोडबाट क्षतिग्रस्त मालपोत कार्यालय कास्कीले बिहीबारदेखि सेवा सुरु गरेको छ ।

कार्यालयले अत्यावश्यकीय सेवाका साथै नियमित सेवा सुरु गरेको मालपोत अधिकृत शोभाखर पोखेलले जानकारी दिनुभयो । कार्यालय क्षतिग्रस्त भएपछि यहाँस्थित सेवाग्राहीलाई प्रतिक्षालयबाट सेवा दिन सुरु गरिएको जानकारी दिँदै उहाँले अत्यावश्यक सेवा भनिए पनि सेवाग्राहीलाई सकेसम्म सबै सेवा उपलब्ध गराइने उद्देश्य राखिएको बताउनुभयो ।

कार्यालयमा रहेका झण्डै ८० प्रतिशत कागजात पूर्ण रूपमा नष्ट भएकाले समस्या भएको उहाँको भनाइ छ ।

आन्दोलनका क्रममा कार्यालयमा रहेकामध्ये पोखरा महानगरपालिका-११, १२, १३ सहित मौजा, हेम्जाका कागजात जोगिए पनि अन्य सबैजसो वडाका कागजातहरू डढेको उहाँले जानकारी दिनुभयो ।

## कास्की कारागारबाट भागेका ८१ कैदीबन्दी पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

गत भदौ २४ गते भएको 'जेनजी' प्रदर्शनका क्रममा कास्की कारागारको बन्दीगृहबाट भागेका ८१ जना कैदीबन्दीलाई प्रहरीले पक्राउ गरेको छ ।

कारागार विभागले विभिन्न मुद्दाका कैदी तथा थुनुवालाई असोज २० गतेभित्र स्वःस्फूर्त कारागारमा फर्किन आग्रह गरेको थियो । उक्त मितिभित्र हाजिर नभई फरार रहेका कैदीबन्दीलाई विभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । "गत भदौ २३ र २४ गतेको प्रदर्शन, तोडफोड तथा आगजनीपश्चात् कारागारबाट फरार रहेका विभिन्न मुद्दाका कैदी तथा थुनुवालाई स्वःस्फूर्त कारागारमा फर्किन आग्रह गरेका थियौँ । तर सो समयभित्र हाजिर नभएकालाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय र मातहतका कार्यालयबाट खोजतलास सुरु गरिएको हो", उहाँले भन्नुभयो ।

पक्राउ परेकाहरूमा जबर्जस्ती करणी मुद्दा र लागुऔषध मुद्दाका १६-१६ जना छन् । चोरी मुद्दाका २५, कर्तव्य ज्यान मुद्दाका आठ, ज्यान मार्ने उद्योगका नौ, अभद्र व्यवहारका चार, सवारीसम्बन्धी, कुटपिट र मानव बेचबिखन मुद्दाका एक-एक जना रहेका प्रहरीले जनाएको छ ।

जिल्ला कारागारका प्रशासक राजेन्द्र शर्माले प्रदर्शनका क्रममा भागेका सात सय ७३ कैदीबन्दीमध्ये अझै दुई सय बढी फरार रहेका जानकारी दिनुभयो । कारागारबाट भागेका कैदीबन्दीलाई कार्यालयले असोज १२ गते सूचना जारी गरी यही असोज २० गतेसम्म फर्कन समय दिइएको थियो । तोकिएको समयमा पनि कारागार नफर्केका र सम्पर्क नगरेका कैदीबन्दीको खोजी कार्य प्रहरीले गरिरहेको हो । उनीहरूलाई प्रचलित कानुनअनुसार कारबाही हुने र फरार कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी कानुनअनुसार कारबाही हुने कारागारले जनाएको छ । प्रदर्शनकारीको आगजनीबाट कार्यालयका अभिलेखहरू जलेका थिए । कैदीबन्दीको विवरण कम्प्युटर अभिलेखमा भने सुरक्षित छ । त्यसैगरी केन्द्रीय विभागको नेटवर्कमा समेत दर्ता रहेकाले सबै विवरण सुरक्षित रहेको कारागार प्रशासक शर्माले बताउनुभयो ।

## पर्यटकको बसाई लम्बाउन नयाँ पर्यटीय गन्तव्यको पहिचान र प्रबर्द्धन गर्न सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज



पोखरामा पर्यटकको बसाइ अवधि लम्बाउन पोखरा आसपासका नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान र प्रवर्द्धन गर्नुपर्ने विहिबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले सुझाव दिनुभएको छ ।

पोखरा पर्यटन परिषदको २५ औं वार्षिक साधारण सभाको उद्धाटन सत्रमा वोल्ने वक्ताहरूले पोखरामा पर्यटकहरुको बसाई अवधि लम्बाउन पोखरा आसपास क्षेत्रको पर्यटन प्रबर्द्धन र पर्यटन पूर्वाधार निर्माण एवं विस्तार गर्नुपर्नेमा जोड दिनु भएको हो । परिषदका अध्यक्ष तारानाथ पहारीको अध्यक्षतामा बिहीबार पोखराको एक रिसोर्टमा सम्पन्न साधारण सभामा वक्ताहरुले लेकसाइड केन्द्रित पर्यटन गतिविधि भन्दा बाहिर निस्केर बृहत् पोखरा अवधारणामा अघि बढ्दा दिगो पर्यटनको विकास हुने सुझाव दिनु भएको थियो । परिषदका संस्थापक अध्यक्ष अशोक पालिखेले पोखराको पर्यटनलाई फेवाताल र हिमाल बेच्ने सीमित दृष्टिकोणबाट बाहिर निकाल्नुपर्ने बताउनु भयो । उहाँले भन्नुयो "अब हामीले लेखनाथदेखि घान्द्रुक, सिक्लेस र खुमाई डाँडा, मर्दी हिमाल लगायत क्षेत्रलाई समेत जोडेर नयाँ प्रोडक्ट विकास गर्नुपर्छ, यही बाटोबाट दिगो पर्यटन सम्भव हुन्छ ।"

जेनजी आन्दोलनका कारण पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावबारे चिन्ता व्यक्त गर्दै आन्दोलनको नाममा नाजायज फाइदा उठाउनेहरूलाई कारबाही गर्न उहाँले माग गर्नुभयो। पालिखेले व्यवसायिक कर तिर्न चाहने व्यवसायीहरूलाई अनावश्यक कागजी झन्झटमा पार्ने प्रवृत्ति तत्काल अन्त्य गर्न आग्रह गर्नुभयो । मालपोत कार्यालयमा डकुमेन्ट जलाएको घटनापछि नक्कली लालपुर्जा बन्ने जोखिमप्रति सचेत रहन व्यवसायीहरूलाई उहाँले ध्यानाकर्षण गराउनुभयो ।

पोखरा भ्रमण वर्ष २०२५ का संयोजक गोपीबहादुर भट्टराईले अब आफ्नो दुई महिना समय रहेकोले यस समयमा देशको अबस्थाले गर्दा पर्यटन प्रबर्द्धनमा केही कठिनाई भएको बताउनु भयो । सरकारसँगको समन्वयमा केही कामहरु गर्न कठिनाइ रहेको उल्लेख गर्दै उहाँले विनियोजित बजेट समयमा खर्च गर्न नसक्दा योजना प्रभावित भएको गुनासो गर्नुभयो । उनले लेकसाइड क्षेत्रमा करिब ८ देखि १० लाख रुपैयाँ लागतमा सिसी क्यामरा जडान गरिएको जानकारी दिँदै, पर्यटक सुरक्षाका लागि सबै व्यवसायीहरू सचेत रहन आग्रह गर्नुभयो । पूर्व अध्यक्ष डम्बरबहादुर केसीले माउन्टेन टुरिजमलाई विश्व बजारमा संरक्षण सहित प्रचार गर्नुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयकी महाशाखा प्रमुख हेमा पोखरेलले सबै पक्ष एक भएर कार्ययोजना अगाडि बढाउनुपर्ने बताउनु भयो । नेपाल पर्यटन बोर्ड गण्डकीका वरिष्ठ अधिकृत सागर श्रेष्ठले सामाजिक सञ्जाललाई सकारात्मक ढंगले प्रयोग गरी पोखराको पर्यटन सुरक्षित रहेको सन्देश विश्व बजारमा व्यापक बनाउन सुझाव दिनुभयो । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, पर्यटन विज्ञ सुवास मल्ल, परिषदका प्रथम उपाध्यक्ष हरिबहादुर भुजेल र महासचिव जीवनराज सापकोटाले वेलनेस टुरिजम र आन्तरिक पूर्वाधार विकासमा प्राथमिकता दिनुपर्ने सुझाव दिनुभयो । परिषदले यस बर्ष नेपाल-भारत पर्यटन प्रवर्द्धन गर्न हुने गरी नेपाल-भारत टुरिजम मिट आयोजना गर्ने भएको छ । परिषदमा हाल १४ वटा पर्यटन संवद्ध संघ संस्थाहरु आबद्ध रहेकाछन् ।


**हुलाक सेवालाई प्रवर्धन गरौं ।**

सूचना तथा सन्देश पुर्याउने भरपर्दो माध्यम हुलाक सेवा हो ।

- सुरक्षित र भरपर्दो रुपमा वस्तुको ओसारपसार गर्ने,
- चिठीपत्र, पार्सल, द्रुत डाँक सेवा सुरक्षित र समयमै पुर्‍याउने,
- दैनिक जीवनमा सहजता ल्याउने,
- प्रविधिसँगै आधुनिकतातर्फ उन्मुख,
- हुलाक सेवाको उपयोग गरौं,
- स्थानीय तहमा रहेको हुलाक, जिल्ला हुलाक, गोश्वरा हुलाक कार्यालयमार्फत हुलाक सेवा लिन सकिन्छ,

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फूलखेतीबाट एक याममा पाँच लाख बढी आम्दानी

**पोखरापत्र संवाददाता**
वालिङ, ३० असोज

स्याङ्जाको चापाकोट नगरपालिका-१ चौघेराका तुल्सीराम भण्डारीले व्यावसायिक फूलखेतीबाटएकयाममापाँचलाख बढी आम्दानी गर्दै आउनुभएको छ । पूर्वशिक्षकसमेत रहनुभएका उहाँले दसैं र तिहारलाई लक्षित गरी फूलखेती गर्दै आउनुभएको हो ।

गत असारमा शिक्षण पेसाबाट अवकाश लिनुभएका भण्डारीले फुर्सदको समयलाई सदुपयोग गरी फूलखेतीमा गरिरहेकोबताउनुभयो। दसैं, तिहार, छठलगायत धार्मिक कार्यहरूलाई लक्षित गरी दुई चरणमा फूलका बिरुवा रोप्ने गरेको उहाँले जानकारी दिनुभयो । दसैं, तिहारलाई लक्षित गरी तीन रोपनी क्षेत्रफलमा र मङ्सिरपछि उत्पादन हुनेगरी थप दुई रोपनी क्षेत्रफलमा फूलखेती गरेको उहाँले बताउनुभयो ।

"शिक्षण पेसामा रहँदै गर्दा पनि बिहानबेलुकाको समयमा कम मात्रामा फूलखेती गरेको थिएँ", उहाँले भन्नुभयो, "फूलखेतीबाट मनग्य आम्दानी हुने देखेपछि अहिले पूरै समय व्यावसायिक फूलखेतीतर्फ जोडिएको हुँ ।"

बाँदरले अन्नबाली नष्ट गरिदिएपछि विकल्पका रूपमा सयपत्री फूलखेती थालेको भण्डारीले बताउनुभयो । अन्नबालीकोविकल्पमाफूलखेतीको व्यावसायिक उत्पादन गर्नुभएका उहाँले मागअनुसार फूल पुऱ्याउन नसेकेको उल्लेख गर्नुभयो । "सयपत्री फूल र मालाको माग अत्यधिक आएको छ", उहाँले भन्नुभयो, "मागअनुसार उपलब्ध गराउन सकिएको छैन ।" यहाँ उत्पादन भएको फूल बुटवल, नारायगढ, बर्दघाट, पोखरालगायत स्थानीय बजारमा सजिलै बिक्री हुने गरेको छ । उहाँले 'कर्मा ५५५ मेरीगोल्ड' जातको फूल लगाउनुभएको छ । उहाँललाई श्रीमती र छोरद्वयले सहयोग गरिरहनुभएको छ । यहाँ उत्पादन भएको फूलको बजारीकरणका लागि माग भई आएका ठाउँमा आफैं पुऱ्याउने वा गाडीमार्फत पठाइदिने काम छोराहरूले गर्दै आएका उहाँले बताउनुभयो । भण्डारीले फूलका थुङ्गा थोकमा प्रतिकिलो रु ३००, फुटकरमा प्रतिकिलो रु ४०० देखि ४५० र माला प्रतिगोटा रु ९० सम्ममा बिक्री गर्दै आएको जानकारी दिनुभयो । ग्राहकको मागका आधारमा माला वा फूलका थुङ्गा दुवै बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

भण्डारीका अनुसार यस वर्षको हालसम्म करिब रु छ लाखको फूल तथा माला बिक्री भइसकेको छ । तिहारपछि पनि बुटवल तथा स्थानीय बजारबाट फूल र मालाको माग आइसकेको उहाँले बताउनुभयो । "असारमा लगाएको बेर्नाले दसैंदेखि उत्पादन दिन थालेको हो", उहाँले भन्नुभयो, "दोस्रो चरणमा लगाएको फूलको उत्पादन मङ्सिरसम्म लिन सकिन्छ ।"

गतवर्ष एकै याममा फूल र माला बिक्रीबाट रु पाँच लाखभन्दा बढी आम्दानी भएको जनाउँदै उहाँले यस वर्ष रु १० लाख बढी आम्दानी गर्ने लक्ष्य रहेको बताउनुभयो ।



हिमश्रखलाः कास्कीको अन्नपूर्ण गाउँपालिका-६ स्थित ठूलो खर्कबाट बिहीबार बिहान देखिएको हिमश्रृखला । पछिल्लो समय अष्ट्रेलियन क्याम्पको नामबाट परिचित यो ठाउँ पर्यटकको रोजाईमा पर्दै गएको छ । तस्बिरः धनबहादुर गुरुङ/रासस

# पोखरामा 'अपरेसन ३६५' सञ्चालन, १०४ मोटरसाइकल कारबाहीमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

स्वरूप परिवर्तन (मोडिफाइड) गर्ने र चर्को ध्वनिसहित मोटरसाइकल चलाउनेविरुद्ध कास्की प्रहरीले गत सोमबारदेखि 'अप्रेशन ३६५' सुरु गरेकामा हालसम्म यस्ता १०४ वटा मोटरसाइकल कारबाहीमा परेका छन् ।

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीले संयुक्त रुपमा सुरु गरेको उक्त अपरेशनका क्रममा समाजमा आतङ्क सृजना गर्ने र जाँचका बेला प्रहरीसँग वादविवाद गर्ने २८ जना मोटरसाइकल चालकलाई नियन्त्रणमा लिई अनुसन्धान जारी राखिएको जिल्ला प्रहरी कार्यालय, कास्कीले जनाएको छ । सोह्र जना मोटरसाइकल चालकलाई सम्झाइबुझाइ परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ । मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने, समाजमा त्रास सिर्जना गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल र तिनका चालकलाई नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी राजकुमार केसीले बताउनुभयो ।

मोटरसाइकलका पार्टपूर्जाहरु फेरेर स्वरुप परिवर्तन गर्ने, साइलेन्सरबाट चर्को र पड्किने आवाज निकाल्ने, रातको समयमा ध्वनि प्रदूषण गर्ने, समाजको शान्ति सुव्यवस्था खल्बलाउने जस्ता गतिविधि भइरहेको जनगुनासो बढेपछि प्रहरीले यस्ता गतिविधिलाई नियन्त्रणमा लिन 'अपरेशन ३६५' सञ्चालन गरेको हो । प्रहरीले यो अभियान निरन्तर सञ्चालन हुने जनाएको छ । प्रहरीले मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल देखिएमा नजिकको प्रहरी कार्यालयमा खबर गर्ने अनुरोध गरेको छ । सूचना दिने व्यक्तिको गोपनियता कायम राखिने जनाइएको छ । कास्की प्रहरीले गत वर्ष पनि अभियानकै रूपमा यस प्रकृतिका मोटरसाइकल नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याएको थियो । स्वीकृति नलिई सवारीसाधनको साइलेन्सर, सिट, रङ, स्वरूप, नम्बर प्लेट, लुकिङ ग्लास, सक, ह्याण्डल, इञ्जिन, चेसिसमा परिवर्तन गर्ने वा ध्वनि प्रदूषण हुने खालका पार्टपूर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को बमोजिम रु १५ हजारसम्म जरिवाना हुने व्यवस्था छ ।

# लेखनाथ उवासंघको नवनिर्वाचित नयाँ कार्यसमितिलाई पोखराको बधाई

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पोखरा उद्योग वाणिज्य संघले छिमेकी लेखनाथ उद्योग वाणिज्य संघकी नवनिर्वाचित अध्यक्ष जानुका पराजुलीसहित नवनिर्वाचित पदाधिकारी र कार्यसमितिलाई बधाइ ज्ञापन गरेको छ ।




गएको भदौ २० र २१ गते सम्पन्न १५ औं महाधिवेशनबाट जानुका लेखनाथको अध्यक्ष निर्वाचित भएकी हुन् । बिहीबार आयोजित स्वागतसहितको बधाइ कार्यक्रममा बोल्दै आयोजक संस्था एवं कार्यक्रमका अध्यक्ष गोकर्ण कार्कीले नेपालको निजी क्षेत्रले नेपालको आधुनिक कालखण्डकै सबैभन्दा बढी संकटको सामना गर्नुपरेको बताए । जेनजी आन्दोलनको क्रममा निजी क्षेत्रमाथि भएको आक्रमण,आगजनी, लुटपाटले त्यो अवस्था आएको बताउँदै उनले भने,' हामीमाथि १० वर्षे सशस्त्र द्वन्द्वको समयमा समेत नभएको आक्रमण भएको छ । यो आक्रमणबाट भएको क्षति,सुरक्षा चुनौती र अनिश्चिताले हामीलाई बढो हैरानी दिएको छ ।'

उनले यति हुँदाहुँदै पनि निजी क्षेत्रले हार नमानेको र पुनः धूलो टक्टक्याएर उठ्ने तयारीमा रहेको बताए। 'निजी क्षेत्र युद्धको सिपाही जस्तै हो र यसलाई पिठ्यूँ फर्काएर भाग्ने छुट छैन । अपराधीलाई कानूनी कठघरामा ल्याएर, क्षतिपूर्ति भराएर र सरकारबाट सुरक्षाको ग्यारेण्टी गराएर हामी पुनः व्यवसायमै फर्कनको लागि तम्तयार हुनु परेको छ,'उनले भने,' यसको लागि निजी क्षेत्रको एउटै आवाज हुनुपर्छ भन्नेमा कसैको पनि दुईमत छैन ।' जेनजी आन्दोलनको क्रममा संघीय राजधानीपछि दोस्रो बढी क्षति पोखराले नै ब्यहोरेको बताउँदै उनले प्रताडित व्यवसायीलाई न्याय दिलाउन र व्यवसायीको मनोबल उच्च बनाउनका लागि पोखरा उद्योग वाणिज्य संघले पहलकदमी लिइरहेको पनि बताए। कार्यक्रममा बोल्दै लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुलीले जेनजी आन्दोलनको क्रममा निजी क्षेत्रमाथि आक्रमण गर्नेहरुलाई कानूनी कठघरामा उभ्याउनुपर्ने बताइन् । परिवर्तनको लागि नवयुवोको आह्वानमा भएको आन्दोलनमा भएको अराजक तत्वको घुसपैठको मिहिन तरिकाबाट अनुसन्धान हुनुपर्ने तथा क्षति ब्यहोरेका उद्योगी/व्यवसायीहरुलाई राहत दिनुपर्ने उनको भनाइ थियो ।

आर्थिक समृद्धि र बृहत्तर पोखराको हितका निम्ति लेखनाथ र पोखराले लामो समयदेखि सहकार्य गर्दै आइरहेको स्मरण गर्दै उनले भनिन्,'हामी एउटै महानगरमा रहेका दुई उद्योग वाणिज्य संघहरु बृहत्तर पोखराको हितको लागि काम गर्ने संस्था हौं । पोखराको समग्र आर्थिक र सामाजिक विकासका निम्ति हामी एकै ठाउँमा छौं ।' उनले अहिले जग्गा किनेर उद्योग स्थापना गर्छु भन्ने कुरा असम्भवजस्तै रहेको बताउँदै पोखराको वडा नम्बर ३३ र शुक्ला गण्डकी क्षेमा पर्ने पुँडीटारमा नयाँ औद्योगिक क्षेत्र निर्माणको काम छिटो सक्न माग गरिन् । पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमले आउँदा चाडपर्वको शुभकामना व्यक्त गर्दै नवनिर्वाचित लेखनाथ उद्योग वाणिज्य संघको टिमलाई बधाइ ज्ञापन गरिन् ।

# एघार मुलुकका राजदूत फिर्ता बोलाउने सरकारको निर्णय

**रासस**
काठमाडौं, ३० असोज

सरकारले ११ मुलुकका नेपाली राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बिहीबार को बैठकले चीन, जर्मनी, इजरायल, मलेसिया, कतार, रुस, साउदी अरब, स्पेन, संयुक्तअधिराज्य, संयुक्तराज्य अमेरिका र जापानका लागि नेपाली आवासीय राजदूतलाई आगामी कात्तिक २० गतेभित्र नेपाल फर्किसक्ने गरी फिर्ता बोलाउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो ।

चीनमा प्रा डा कृष्णप्रसाद ओली, जर्मनीमा डा शैल रुपाखेती, इजरायलमा प्राध्यापक धनप्रसाद पण्डित, मलेसियामाडानेत्रप्रसादतिमिल्सिना, कतारमा रमेशचन्द्र पौडेल, रुसमा जङ्गबहादुर चौहान, साउदी अरबमा नरेशविक्रम ढकाल, स्पेनमा सनील नेपाल, संयुक्तअधिराज्य बेलायतमा चन्द्रकुमार घिमिरे, संयुक्तराज्य अमेरिकामा लोकदर्शन रेग्मी र जापानमा डा दुर्गाबहादुर सुवेदी कार्यरत हुनुहुन्छ ।

बैठकले सार्वजनिक वित्त व्यवस्थापन परियोजनाका लागि विश्व बैंकको व्यवस्थापनमा ' मल्टिडोनर ट्रस्ट फण्ड'बाट प्राप्त हुने १० मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । सरकारले इनरुवा-पूर्णिया र दोधारा-बरेली ४०० केभी अन्तदेशीय प्रसारण लाइन निर्माण गर्न 'नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रीड कर्पोरेशन अफ लिमिटेड'को संयुक्त लगानीमा नेपाल र भारतमा दुई वटा संयुक्त कम्पनी स्थापना गर्ने निर्णय गरेको छ । ती कम्पनीमा नेपाल विद्युत् प्राधिकरणबाट क्रमशः रु एक अर्ब र दुई अर्ब रकम बराबरको स्वपुँजी लगानी गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरिएको प्रवक्ता खरेलले जानकारी दिनुभयो । बैठकले नेपाल र भारतबीच पारस्परिक कानुनी सहायता सन्धिसम्बन्धी सम्झौता स्वीकृत गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले नेपालले अन्य मुलुकसँग आवश्यकताअनुसार फौजदारी मामिलामा पारस्परिक कानुनी सहायता सन्धि गर्न वार्ताका लागि प्रस्ताव गर्न स्वीकृत गर्ने र आवश्यकताअनुसार कूटनीतिक माध्यमबाट विभिन्न मुलुकसमक्ष प्रस्ताव पठाउन स्वीकृति दिने निर्णय गरेको छ ।

बैठकले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान आयोजनाको गुरुयोजना स्वीकृत गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा निर्धारण गर्ने निर्णय गरेको छ । सो योजनाबमोजिमको बाँकी कार्यका लागि बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अघि बढाउन स्वीकृत दिने निर्णय पनि भएको छ । नेपालले क्रिकेट खेल विधामा सफलता प्राप्त गरेको र उक्त आयोजना पनि सँगसँगै अघि बढेको मन्त्री खरेलले बताउनुभयो ।

# पोखरामा गण्डकी प्रदेशकै पहिलो केज फाइट हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पछिल्लो समय नेपालमा मुवाथाईको लोकप्रियता बढ्दो छ । पोखरामा त मुवाथाईको अन्तर्राष्ट्रिय स्तरको इभेन्टनै हुने गरेको छ । साक यान्त मुवाथाईले पोखरामा अन्तराष्ट्रिय स्तरको 'द कन्टेन्डर फाइट सिरिज' को आयोजना गर्दै आइरहेको छ ।

सोही आयोजकले अब भने मुवाथाई सँगै पछिल्लो समयमा चर्चामा आउन थालेको एमएमए (मिक्स मार्सल आर्ट्स) को समेत आयोजना गर्ने भएको छ । जुन गण्डकी प्रदेशमा नयाँ अनुभव र केजमा हुनेछ ।

तेस्रो संस्करणको सिरिज आगामी पुसको १०, ११ र १२ मा हुँदैछ । पहिलो र दोस्रो संस्करणको सफलतापछि तेस्रो संस्करणको आयोजना मिति तोकिएसँगै गण्डकी प्रदेशमै पहिलो पटक केज फाइट हुने भएको छ । पर्यटकीय राजधानी पोखरामा मार्सलआर्टका समर्थक र पर्यटकलाई थप आकर्षकको रुपमा केज फाइट हुने विश्वास लिइएको छ । प्रतियोगिता संयोजक खगेन्द्र क्षेत्रीका अनुसार एमएमए फाइटमा नयाँपन दिनका लागि तेस्रो संस्करण केजमा गराउने तयारी भएको हो । 'फाइट नाइट आफैमा रोमाञ्चक खेल हो ।

पोखरा पर्यटकीय राजधानी भएकाले हामीले पर्यटन प्रबर्द्धनका लागि नै केज फाइट गर्न लागेका छौं' उनले भने, 'सम्भवत यो गण्डकी प्रदेशकै पहिलो केज फाइट हुनेछ । हामीले विदेशमा केज फाइट भएको टिभि वा अहिले सोसल मिडियामा हेरिरहेका छौं तर, अब त्यो पोखरामै हेर्न पाइने छ ।' आगामी पुषको दोस्रो साता लेकसाइडमा हुने प्रतियोगितामा अहिले सम्म विभिन्न राष्ट्रका फाइटरले सहभागिता जनाइ सकेका छन् । नेपालसहित हालसम्म स्पेन, पाकिस्तान, भारत, श्रीलंका लगायतका राष्ट्रको सहभागिता रहेको छ । विश्वभर व्यावसायिक मार्शल आर्ट्सका उत्कृष्ट स्वरूपमध्ये एक मानिने एमएमए (मिक्स मार्शल आर्ट्स) यसपटक पोखरामै प्रत्यक्ष हेर्न पाउने क्षेत्रले बताए । प्रतियोगितामा प्रवेश निशुल्क गरिएको उनले जानकारी दिए ।

# नेपालसँग ओमान पराजित

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

आइसीसी टी-२० विश्वकप एसिया तथा इष्ट एसिया पेसिफिक छनोटमा नेपालले ओमानलाई ३८ रनले पराजित गरेको छ ।

ओमानको अल अमिरतस्थित ओमान क्रिकेट एकेडेमी टर्फ-१ मा भर्खरै सम्पन्न खेलमा नेपालले दिएको १५२ रनको लक्ष्य पछ्याएको ओमानले २० ओभरमा नौ विकेट गुमाएर ११३ रन बनायो । ओमानका लागि विनायक शुम्लाले १९ बलमा सर्वाधिक ३२ रन बनाए । यस्तै, मोहम्मद नदीमले २५ रन बनाए । नेपालका लागि गुल्शन झाले तीन विकेट लिँदा नन्दन यादव र सोमपाल कामीले समान दुई/दुई विकेट लिए । सन्दीप लामिछानेले एक विकेट लिए । त्यसअघि घरेलु टोलीविरुद्ध टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १५१ रनको योगफल बनाएको थियो ।

नेपालका लागि कुशल भुर्तेलले ५१ बलमा सात चौका र एक छक्कासहित सर्वाधिक ६९ रनको योगदान दिए । आसिफ शेखले २० बलमा दुई चौका र एक छक्कासहित २४ रनको योगदान गरे । गुल्शन झाले दुई छक्कासहित १८ रन जोडे भने आदिल आलमले १६ रन बनाए ।

ओमानका लागि नदीम खानले चार विकेट लिए भने शुफिया मेहमुद र जितेन रामानन्दीले समान दुई/दुई विकेट लिए । यसअघि नै टी-२० विश्वकपमा स्थान बनाइसकेको नेपाल आठ अङ्क बटुल्दै उपाधि नजिक पुगेको छ । नेपाल अङ्क तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । दोस्रो स्थानमा रहेको ओमानको छ अङ्क छ । अब नेपालले शुक्रबार सुपर सिक्सको अन्तिम खेल सामोआसँग खेल्नेछ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

### सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# कुटनीतिक क्षेत्रलाई अस्थिर बनाउने काम

केपी शर्मा ओली नेतृत्वको सरकारले नियुक्त गरेका राजदूत फिर्ता बोलाउने  सरकारको निर्णय छ। सुशीला कार्कीको अन्तरिम सरकारल काङ्ग्रेस र एमालेका सिफारिसमा विभिन्न ११ देशमा रहेका आवासीय राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले चीन, जर्मनी, इजरायल, मलेसिया, कतार, रुस, साउदी आरब, स्पेन, अमेरिका, बेलायत र जापानकाका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका अनुसार सरकारले राजदूतलाई आगामी तीन साताभित्र नेपाल फर्किन निर्देशन दिएको छ। सरकारका प्रवक्ताका अनुसार कात्तिक २० गतेभित्र फिर्ता बोलाउने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको हो । चीनमा प्रा डा कृष्णप्रसाद ओली, जर्मनीमा डा शैल रुपाखेती, इजरायलमा प्राध्यापक धनप्रसाद पण्डित, मलेसियामा डा नेत्रप्रसाद तिमिल्सिना, कतारमा रमेशचन्द्र पौडेल, रुसमा जङ्गबहादुर चौहान, साउदी अरबमा नरेशविक्रम ढकाल, स्पेनमा सनील नेपाल, संयुक्तअधिराज्य बेलायतमा चन्द्रकुमार घिमिरे, संयुक्तराज्य अमेरिकामा लोकदर्शन रेग्मी र जापानमा डा दुर्गाबहादुर सुवेदी कार्यरत छन । चुनाव सम्पन्न गराउन सरकार लाग्नुपर्नेमा राजदूत फिर्ता बोलाई कुटनीतिलाई कमजोर बनाएको छ ।

कांग्रेस नेता यादव र एमाले नेता तुम्बाहाम्फे दुवै पूर्वमन्त्री एवम् पूर्वउपसभामुख हुन् । ओलीले राजनीतिक रुपमा नियुक्त गरेका राजदूत फिर्ता गरेको दाबी गरे पनि पार्टीका नेताहरुलाई चाहिँ कायम राख्नु अनौठो हो । त्यस्तै, ओलीले नै नियुक्त गरेका भारतका लागि राजदूत शंकरप्रसाद शर्मा, दक्षिण अफ्रिकाका लागि प्रा. डा. कपिलमान श्रेष्ठ, डेनमार्कका लागि सुम्निमा तुलाधार, श्रीलंकाका लागि पूर्णबहादुर नेपाली, बेल्जियमका लागि सेवा लम्साललाई पनि फिर्ता बोलाइएको छैन । त्यस्तै, त्यसअघिको सरकारले नियुक्त गरेका क्यानडाका लागि राजदूत भरतराज पौड्यालालाई पनि फिर्ता बोलाइएको छैन।

लम्साल र पौड्याल पूर्वपरराष्ट्रसचिव हुन् । तर, उनीहरुलाई अवकाशमा पठाउनुअघि राजदूत बनाइएको थियो । करिअर डिप्लोम्याट भनिने परराष्ट्र मन्त्रालयका सहसचिव राजदूतहरु भने कसैलाई पनि फिर्ता बोलाइएको छैन । नयाँ राजनीतिक परिस्थितिमा अघिल्लो सरकारले नियुक्त गरेका राजदूतहरु फिर्ता गर्ने प्रचलन यसअघि पनि भए पनि चुनाव गर्नुपर्ने मूल म्याण्डेट पाएको सरकारले राजदूतलाई बोलाउने र नयाँ नियुक्ति गर्ने खेलमा लाग्नु अस्वाभाविक छ ।

राजनीतिक परिदृश्य फेरिएपछि राजदूत फिर्ता गर्ने चलन पहिलेदेखि कै हो। 'यसले विगतदेखि नै नेपालको कूटनीतिक क्षेत्रलाई अस्थिर बनाएको थियो ।' अहिले पनि जेनजी आन्दोलनपछि नयाँ राजनीतिक परिस्थितिमा बनेको सरकारले आफ्नो विश्वास नरहेको भन्दै राजदूत फिर्ता गर्नु पनि विगतकै सरकारको निरन्तरता जस्तो  छ। काम भन्दा पूर्वाग्रहका आधारमा सरकार चलेको स्पष्ट हुन्छ। जुन कुरा जेनजी आन्दोलनले खोजेको होईन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कालिका मन्दिर कोत मामलियतमा कर्ण बहादुर

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पोखराको बाटुलेचौरमा रहेको कालिका मन्दिर तथा कोत मामलियत व्यवस्थापन समितिको अध्यक्षमा कर्णबहादुर खड्का चयन भएका छन् ।

समितिको सम्पन्न छैटौं अधिवेशनले खड्काको अध्यक्षतामा १३ सदस्यीय समिति चयन गरेको हो । समितिको उपाध्यक्षमा लक्ष्मी श्रेष्ठ, सचिवमा नारायण देवकोटा, सहसचिवमा कुलबहादुर खत्री,कोषाध्यक्षमा बलराम भट्टराई र सदस्यमा जीवनारायण श्रेष्ठ, जयलाल भट्टराई, रुद्रप्रसाद तिमिल्सीना, शारदा देवकोटा,सागर देवकोटा, शरदचन्द्र देवकोटा, पार्वती तिम्सिना र पदेन सदस्यमा वडाध्यक्ष अमृत शर्मा तिमिल्सीना रहेका छन् । त्यस्तै आमन्त्रित सदस्यमा रमेश अधिकारी, हरिबहादुर बाँनिया र रिता काफ्ले चयन भएको सचिव नारायणप्रसाद देवकोटाले जानकारी दिए । समितिको पदावधि ३ वर्षको छ। नवनिर्वाचित समितिको पदस्थापन कार्तिक १ गते शनिबार हुने बताईएको छ।

समितिका अध्यक्ष दुर्गा केसी थापाको अध्यक्षतामा अधिवेशनको भएको भएको थियो

# मुस्ताङमा फूलफूलखेती सिक्दै १४ जिल्लाका किसान

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० असोज

फूलफूलखेती गर्ने तरिका सिक्न १४ जिल्लाका किसान मुस्ताङ आएका छन् । यहाँ आयोजित शीतोष्ण बागवानी विकास केन्द्रले मङ्गलबारदेखि सञ्चालन गरेको 'नर्सरी धनीहरूलाई गुणस्तरीय बिरुवा प्रसारण तथा नर्सरी व्यवस्थापन'सम्बन्धी तीनदिने सिकाइ कार्यक्रममा सहभागी हुन विभिन्न जिल्लाका १८ किसान यहाँ आएका हुन् ।

घरपझोङ-२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्र फलफूत तथा तरकारी उत्पादन तथा जिल्लाभित्र र बाहिरका किसानका लागि महत्त्वपूर्ण कृषि पाठशालाका रूपमा स्थापित हुँदै आएको छ। केन्द्रको आयोजनामा सहभागी किसानलाई कृषिसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान दिन थालिएको हो। केन्द्रले बर्सेनि जिल्ला बाहिर र जिल्लाभित्रका किसानको प्रतिनिधित्व रहनेगरी यसप्रकारको फूलफूल तथा नर्सरी व्यवस्थापनसम्बन्धी अभ्यास तालिम सञ्चालन गर्ने गरेको केन्द्रका प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । यस वर्ष पनि पूर्वको सङ्खुवासभादेखि सुदूरपश्चिमको दार्चुलासम्मका किसान सहभागी छन्। म्याग्दीबाट तीन, बाग्लुङबाट दुई, सल्यानबाट दुई र धादिङ, बझाङ, दैलेख, कालिकोट, दार्चुला, नुवाकोट, उदयपुर, रुकुमपश्चिम, गोरखा, सङ्खुवासभा र रसुवाका एक एक किसान तालिममा सहभागी छन् । केन्द्रमा भएका कृषि प्रविधिको हस्तान्तरणका साथै जिल्लाको ऐतिहासिक, धार्मिक र सांस्कृतिक चिनारी पस्किँदै मुस्ताङको पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने केन्द्रको लक्ष्य रहेको प्रमुख आत्रेयले बताउनुभयो । गुणस्तरीय बिरुवा उत्पादन तथा नर्सरीव्यवस्थापनसम्बन्धीसिकाइतालिम र प्रसारणका विविधिकरणका बारेमा सहभागीलाई जानकारी गराइनेछ । साथै किसानलाई केन्द्रमा अवस्थित विभिन्न फलफूल तथा तरकारी बगैँचा ब्लकको अवलोकन गराइने छ।

# सामूहिक सयपत्री फूलखेतीमा महिला

**पोखरापत्र संवाददाता**
दमौली, ३० असोज

यहाँको म्याग्दे गाउँपालिकाका महिलाहरू सयपत्री फूलखेतीमा लागेका छन् । गाउँपालिकाले ७५ प्रतिशत अनुदान प्रोत्साहन गरेपछि म्याग्दे गाउँपालिका-४ का महिलाहरू फूलखेतीमा आकर्षित भएका हुन् ।

यहाँका महिलाहरू छिम्केश्वारास्थित चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादक समूहमा आबद्ध भएर सामूहिक फूलखेतीमा लागेका हुन् । तरकारी तथा अन्य फलफूलखेती गरिरहेका महिलाहरू पहिलो पटक सयपत्री फूलखेतीमा लागेको समूहका अध्यक्ष जितमाया रानाले जानकारी दिनुभयो । अध्यक्ष रानाले भन्नुभयो, "पहिला पहिला अरुले सामूहिक खेती गरिरहेको बारे फेसबुकमा हेर्थ्यौं । हामीलाई पनि सयपत्री फूलखेती गर्ने इच्छा थियो ।

गाउँपालिकामा यसबारेमा जानकारी लियौं, पालिकाका कृषि प्राविधिकबाट सल्लाह पाएपछि पहिलो पटक यसतर्फ लागेका हौं ।" समूहमा रहेका २३ जना महिलाहरूले छ रोपनी जग्गा भाडामा लिएर फूलखेती गरिरहेका छन् ।

यस वर्षको तिहारका लागि फूल उत्पादन भइसकेको अध्यक्ष रानाले बताउनुभयो । उहाँका अनुसार सयपत्री फूल प्रतिकिलो रु तीन सय र प्रतिमाला रु एक सय ५० मा बिक्री हुने गरेको छ । घरायसीमा काममा व्यस्त रहने महिलाहरूलाई फूलखेतीमा लागेपछि आत्मनिर्भर बन्न थालेका छन् । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले पालिकाले विगत तीन वर्षदेखि ७५ प्रतिशत अनुदान सहयोगमा सयपत्री फूलखेती प्रोत्साहन गरिरहेको बताउनुभयो ।

गत वर्ष वडा नं ६ र यस वर्ष वडा नं ४ का महिलाहरूलाई सहयोग गरिएको उहाँले बताउनुभयो । "स्थानीय महिलालाई उद्यमशील बनाउनका लागि पालिकाले सहयोग गरिरहेको छ। उहाँहरुले उत्पादन गरेका फूल गाउँपालिकाले गर्ने कार्यक्रममा प्रयोग गर्ने र तिहारलगायत चाडमा बाहिरको भन्दा स्थानीयस्तरमै उत्पादित फूललाई प्रयोग गर्न सहजीकरण गर्ने हाम्रो नीति छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो।

# 'वैदिक सनातन संस्कार , संस्कृति र धर्म अनरुप राजनीति गरिनुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

श्री दत्त नारायण पदम श्रेष्ठ स्मृति प्रतिस्ठान केन्द्र स्याङ्जा तथा देवाचुली प्राथमिक विद्यालय  नवलपुर, बुलिङ्टार गा.पा. ३ डाँडाथोकको संयुक्त आयोजनामा, विद्यालय तथा दुर्गादेवी (दुर्गा भवानी) को प्राङ्गणमा, वैदिक सनातन हिन्दु धर्म एवं सो धर्ममा माता दुर्गादेवी (दुर्गा भवानी) को गरिमा र महत्व विषयक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम भव्य समारोहवीच सम्पन्न भएको छ।

उक्त प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमको उदघाटन सो मन्दिरमा घण्टी प्रदान गर्ने समाजसेवी एवं हिन्दू स्वयं सेवक संघका सहचालक श्री विष्णु प्रसाद पौडेल "गुप्तेश्वरले" कार्यक्रमको व्यानर बाचन गरेर गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिलसिंह जर्गा मगरको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा प्रमुख अतिथिको तर्फबाट उदघाटन मन्तव्य दिदै श्री गुप्तेश्वरले भन्नुभयो, 'वैदिक सनातन धर्म विरोधी विदेशी विधर्मीहरुले हिन्दु धर्म माथि अतिक्रमण गरी सनातन संस्कार संस्कृतिलाई जनतादेखि अलग गराउने प्रयास गरेको छ। सनातन धर्म, संस्कार र जनता एकअर्काका परिपूरक हुन् । विदेशीको विधर्मी धर्म मुलुकको लागि बिष हो। त्यसबाट सजग भएर सनातन संस्कृति धर्म संरक्षण गर्ने कार्यमा लाग्नुपर्छ । मुलुकको लागि यही नै आजको आवश्यकता हो ।' तील बहादुर खन्डौली मगरबाट उदघोषित सो कार्यक्रममा समाजसेवी, अधीवक्ता तथा पूर्व अञ्चल प्रकासक महेन्द्रमान व्यथितले, 'वेदिक सनातन संस्कार, संस्कृति र धर्म नेपालको मौलिक पहिचान हो । यस पहिचानलाई अछुन्न राख्नु हामी नेपालीको कर्तव्य हो। सनातत वैदिक संस्कार, संस्कृति र धर्म नेपालको मौलिक पहिचान हो । यस पहिचानलाई अछुन्न राख्नु हामी नेपालीको कर्तव्य हो । सनातत वैदिक संस्कार, संस्कृति र धर्मको अधीनमा राजनीति गरेर देशलाई विश्वको शक्तिशाली राष्ट्र बनाउनु पर्छ।

सबै जनतालाई निरोगी र धनी बनाउनु पर्छ भन्ने वेदको सन्देशलाई सार्थक बनाएर अघि बढिएमा वैदेशिक चलखेल निस्तेज हुन्छ। यसैमा सबैले हेक्का राख्नु पर्छ ।" सो विद्यालयका प्रध्यानध्यापक पदम बहादुर पाटा मगरबाट स्वागत भाषण गरिएको उक्त कार्यक्रममा समाजसेवी तथा दुर्गादेवी मन्दिरका संरक्षक  देव बहादुर लुङ्गाली मगर, राप्रपा का युवा नेता  कुल बहादुर क्षेत्री, सबन्धित वडाका वडा अध्यक्ष दिल सिंह जर्गा मगर, नेपाली काङ्ग्रेसकी महिला नेत्री कोपिला देवी श्रेष्ठ र दुर्गा देवी मन्दिरका प्रमुख संरक्षक पूर्ण बहादुर जर्घा मगर समेतले वैदिक सनातन संस्कार, संस्कृति र धर्मको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो । सो समारोहमा विद्यार्थीहरुलाई कपी, कलम ,पोशाक समेत वितरण गरिएको थियो । पाँचसय जना गाँउले जनताको उपस्थिति रहेको सो कार्यक्रममा श्री कृष्ण लीला नाच पनि नचाइएको थियो ।

# धमाधम सुक्न थाले ताल, संरक्षणमा चुनौती

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असोज

बागलुङमा ताल सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको छ । ढोरपाटन नगरपालिका-९ स्थित रुद्रताल, तमानखोला-२ स्थित बराहताल, जैमिनी-३ स्थित गाजा दह (ताल), काठेखोला-४ को खोरताल र बागलुङ-१० स्थित बराहतालमा पानी सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको हो । गाउँ तथा नगरपालिकाले संरक्षण गर्नका लागि डोजर चलाएपछि तालमा पानीको सहत घटेर सुक्न थालेका हुन् ।

एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा सडक पुगेका थिएनन् । जब गाउँगाउँमा मोटरबाटो पुगे त्यसपछि तालमा पानी कम हुँदै गएको ढोरपाटन नगरपालिका-९ का धनबहादुर पुनले बताउनुभयो । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन जाने सडक छेउमै रहेको तालले पर्यटकलाई आकर्षित गर्दै आएको थियो । तर सात वर्ष अगाडि नगरपालिकाले ताल वरपर डोजर लगाएपछि करिब ९० प्रतिशत पानी सुकेको उहाँको भनाइ छ । पुनले भन्नुभयो, "पहिले रुद्राताल ठूलो थियो, धार्मिक आस्थाका हिसाबले यहाँ पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुन्छ भन्ने मान्यता थियो, यहाँको जलले स्नान गर्दा शरीरमा कुनै पनि रोग लाग्दैन भन्थे, अहिले त पानी सुकेर हिलोमात्र छ, जब यहाँ डोजर लगाएर सम्याउने काम भयो, त्यसपछि तालको पानी सुक्यो, अहिले त नामको मात्र ताल छ, तालमा पानी छैन ।" जैमिनीको गाजा दहमा पनि डोजर लगाएपछि झण्डै ४० प्रतिशत पानी घटेको स्थानीयको दाबी छ। चार वर्ष अगाडि डोजर लगाएर तालको क्षेत्रफल विस्तार गरिएको थियो । काठेखोला गाउँपालिका-४ तङ्ग्रामस्थित खोरताल ६ वर्ष अगाडिसम्म पानीले भरिभराउ थियो। तालको बीचमा जमेको पानी बाह्रै महिना रहन्थ्यो। तर अहिले तालमा पानी होइन कमिला डुल्छन् ।

आर्थिक वर्ष २०७९/८० काठेखोला गाउँपालिकाले डोजर लगाएर कङ्क्रिटको पर्खाल लगाएपछि ताल सुकेको स्थानीय गङ्गाबहादुर किसानको भनाइ छ । गाउँमा जथाभावी सडक निर्माण र तालमा डोजर लगाएपछि पानी रित्तिएको उहाँ बताउनुहुन्छ । तालमा एकाएक पानी सुक्न थालेपछि आफूहरू अचम्मित भएको किसानले बताउनुभयो।

"पाँच-छ वर्ष अगाडि पानीले भरिभराउ ताल अहिले पूरै रित्तै छ, ताल ठूलो थियो, सफा पानी हुन्थ्यो, हामी सानो हुँदा यही पानी भरेर खान्थ्यौं", उहाँले भन्नुभयो, "तालमा डोजर लगाउनु हुँदोरैनछ, पानी रोक्नलाई गाउँपालिकाले सिमेन्टको पर्खाल लगायो, तर तालको पानी सबै सकियो।"

तमानखोला गाउँपालिकाले पनि तालालाई व्यवस्थित गर्न रु ३० लाख लगानी गरेर संरक्षण थालेको थियो । तर अहिले संरक्षण गर्दा उल्टै ताल नै सुक्न थालेको छ । गाउँपालिकाले ताल संरक्षणका लागि तारबार लगाउनुका साथै त्यसवरपर थुप्रै पर्यटन पूर्वधार निर्माण गरेको छ। गाउँपालिका अध्यक्ष जोकलाल बुढामगरले पानीको स्रोत भएको ठाउँमा डोजर प्रयोग गर्दा मुहान नै सुक्ने बताउनुभयो। पालिकाले व्यवस्थित गर्न डोजर चलाउँदा विभिन्न ठाउँमा पानीको मुहान सुकेपछि अहिले त्यस्ता ठाउँमा मेसिन प्रयोग गर्न छाडेको बताउनुभयो । त्यसैगरी, बागलुङ नगरपालिका-१० स्थित भकुण्डेको बराहतलमा पनि पानी केही कम भएको पाइएको छ । बागलुङ बजार नजिकै रहेको यो ताल पर्यटकीय गन्तव्य बनेको छ। अन्य तालका तुलनामा यसमा पानी अलि बढी छ। यहाँ बिदाको समय धेरै पर्यटक पुग्ने गरेका स्थानीय बताउँछन् ।

बागलुङ र रुकुमपूर्वको सिमानामा रहेको रिगतालमा पनि निसीखोला गाउँपालिकाले डोजर चलाएपछि पानी घटेको स्थानीयको भनाइ छ। मध्यपहाडी लोकमार्गमा पर्ने पातीहाल्नेभन्दा केही माथिपट्टि पर्ने यस तालमा दैनिक पर्यटक पुग्ने गर्छन् । तर पानीको मात्रा घट्दै गएपछि ताल संरक्षणमा चुनौती बढेको छ।

# घाइतेको स्पष्ट पहिचान नहुँदा राहत वितरण हुन सकेन

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असोज

सरकारले गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका घाइतेहरूका लागि राहत रकम जिल्ला प्रशासनमा पठाएको छ। तर घाइतेको एकिन पहिचान हुन नसक्दा वितरण हुनसकेको छैन।

हालसम्म राहत रकम वितरण गर्न नसकेको प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले बताउनुभयो । गृहमन्त्रालयले पठाएको घाइतेको सूचीमा बागलुङ घर भएको बताइए पनि एकिन ठेगाना नखुलेको उहाँको भनाइ छ। काठमाडौँ र पोखरामा भएको प्रदर्शनमा युवाहरू घाइते भएका थिए । प्रशासनले ती युवाहरूको खोजी गरिरहेको गुरुङले जानकारी दिनुभयो।

प्रदर्शनमा घाइते युवालाई सम्पर्कमा आउन जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरेको छ । घाइतहरूले राजधानीसहित विभिन्न सहरका अस्पतालमा उपचार गराएको भए पनि राहत रकम लिन नआएको उहाँको भनाइ छ। गृह मन्त्रालयले पाँच जना घाइतेका लागि जनही रु २० हजारका दरले जम्मा रु एक लाख पठाएको छ । घाइतेमध्ये अभियानकर्मीका रूपमा चिनिनु भएका बागलुङ नगरपालिका-३ का सोम शर्मासमेत हुनुहुन्छ । उहाँको हालै ठेगाना पत्ता लागेको छ । त्यसबाहेक सङ्घर्ष भुसाल, मनोज सुनार, नारायण सत्याल र किरण थापामगरको ठेगाना र अभिभावकको समेत जानकारी नपाइएकाले राहत रकम वितरण गर्न नसकिएको जिल्ला प्रशासनले जनाएको छ।

# सञ्चार सुविधा नहुँदा पर्यटकलाई सास्ती

**कमल खत्री**
बेनी, ३० असोज/रासस

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जाने 'मौरिस हर्जोग' पदमार्गमा सञ्चार सुविधाको अभाव भएको छ।

हिमाल आरोहणको इतिहासमा जेठो हिमालको नामले चिनिने अन्नपूर्ण प्रथम आधार शिविर जाने पदमार्गमा होटल सुविधा र पदमार्गको व्यवस्थापनले पर्यटकको आगमन बढे पनि सञ्चारको पहुँच नहुँदा पर्यटकले सास्ती पाएका छन् । असोजको सुरुआतदेखि दैनिक १५० देखि ३०० जनासम्म पर्यटक आधार शिविर क्षेत्रको भ्रमणमा पुगेका छन् । सञ्चारको पहुँच नहुँदा पदमार्ग र आधार शिविर क्षेत्रमा सञ्चालनमा रहेका होटलसँग सम्पर्क नगरिकनै पुग्नुपर्ने बाध्यताले पर्यटकको बसोबासमा समस्या भएको मौरिस हर्जोग पदमार्गका अभियन्ता समेत रहनुभएका पर्यटन व्यवसायी तेज गुरुङले बताउनुभयो । उहाँका अनुसार, यस पदमार्गको हुमखोलासम्म विद्युत् र मोबाइल फोनको पहुँच पुगेको छ।

"हुमखोलादेखि आधार शिविरसम्मको क्षेत्रमा मोबाइल फोनको सञ्चार र विद्युत् पहुँच पुग्न सकेको छैन, साँधीखर्कको गुराँसेडाँडामा नेपाल टेलिकमको मोबाइल फोनको सामान्य पहुँच छ, आधार शिविर पुगेर फर्कने करिब दुईदिनको यात्राअवधिमा सञ्चार सम्पर्कविच्छेद हुने भएकाले पर्यटकको सुविधा र सुरक्षाका लागि सञ्चारको पहुँच अनिवार्य बनेको छ", पर्यटन व्यवसायी गुरुङले भन्नुभयो ।

विसं २०६८ देखि स्थानीयवासीको अग्रसरतामा नारच्याङगाउँदेखि अन्नपूर्ण प्रथम आधार शिविरसम्म पदमार्ग निर्माण सुरु भएको थियो। गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि हुमखोलासम्मको २० किलोमिटर दूरीको बाटोमा सडकको पहुँच पुगेको र हुमखोलादेखि १६ किलोमिटर दूरीमा पदमार्ग निर्माण गरी ठाउँ-ठाउँमा होटल सञ्चालनमा आएपछि अहिले यो क्षेत्रमा आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । आधार शिविरको मनोरम पञ्चकुण्ड तालसँगै झरना, खोला र रमणीय भू-वनोटका कारण पर्यटकको आगमन बढेको छ । होटलको क्षमताभन्दा बढी पर्यटक आउँदा होटल व्यवसायीलाई पर्यटकको खाना र बसोबासको प्रबन्ध मिलाउन हम्मेहम्मे हुने गरेको छ।

अन्नपूर्ण आधार शिविर पुग्ने पदमार्ग प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहे पनि विद्युत् र सञ्चारको पहुँच, खानेपानीको सुविधा विस्तार तथा सडकमार्गको स्तरोन्नति तत्काल गर्नेपर्ने देखिएको विराटनगरबाट समूहमा भ्रमणमा आउनुभएका मोहन अटलले गुनासो गर्नुभयो। पदमार्ग क्षेत्रमा रहेका होटलमा बुकिङ गर्न मोबाइल फोन र इन्टरनेटको पहुँच पुर्‍याउनतर्फ सरकार तथा सरोकारवालाको ध्यान जानुपर्ने उहाँले बताउनुभयो ।

यस पदमार्गअन्तर्गत हुमखोला, फुतफुते झरना, साँधीखर्क, गुफाफाँट, भुसकेटमेला र पञ्चकुण्ड ताल परिसरमा टेन्टमा बस्ने सुविधासहितका होटल सञ्चालनमा रहेका छन् । सञ्चारसँगै विद्युत् सुविधा नहुँदा खाना पकाउने ग्याँस र बत्तीको लागि जेनेरेटरको व्यवस्था गर्दा खर्चिलो तथा झण्झट व्यहोर्नुपरेको होटल व्यवसायी बताउँछन् । कम्तीमा दुईदिनको पदयात्रा अवधिमा पर्यटक सञ्चार सर्म्पकबाट विच्छेद हुँदा बिरामी भएको र हिमपातको कारण अलपत्र परेको समयमा उद्धारमासमेत समस्या हुँदै आएको छ । हिमाल आरोहणमा आउने टोलीले स्याटेलाइट प्रविधिको फोनको प्रयोग गर्ने गरे पनि अन्य पर्यटकमाझ सञ्चार सम्पर्कको माध्यम र पहुँच छैन।

हिमाली क्षेत्रको पर्यटक उद्धारमा सक्रिय रहनुभएका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले दुई दिनको पदयात्रा अवधिमा सञ्चार सम्पर्क नहुँदा पर्यटक बेखबर हुने भएकाले आपत्कालीन समय र बिरामी भएको समयमा उद्धारमा सकस हुने गरेको बताउनुभयो ।

"पर्यटक घुम्न आएको समयमा बेमौसममा हिमपात हुनसक्छ, हिमपहिरो नै जान पनि सक्छ, आपत्कालीन रुपमा कसरी उद्धार माग्ने सञ्चारको कुनै पहुँच छैन, पर्यटकको हराएको समयमा धेरै पटक खोजीकार्यमा सञ्चार नहुँदा कठिन हुने गरको छ, पदमार्गमा रहेका होटलमा कम्तीमा स्याटेलाइट वा वाकिटकी फोन राख्न आवश्यक छ", उहाँले भन्नुभयो ।

नेपालको पर्वतारोहण इतिहासमा सन् १९५० जुन ३ मा फान्सेली पर्वतारोही मौरिस हार्जोगको नेतृत्वमा लुइस लचेनल र दुई नेपाली शेर्पासमेत चार जनाले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गर्नुभएको थियो । पर्वतारोहणको क्षेत्रमा इतिहास बोकेको यस पदमार्गको पहिचान गरि पदमार्ग, आश्रयस्थल, टिसप, होटल लगायतका पूर्वाधार बनेर प्रचारप्रसार हुन थालेपछि अहिले यस पदमार्गमा पर्यटकको आगमन बढेको छ । विगतका वर्षमा खाना र बस्नका लागि आफैँ बन्दोबस्तीको सामान बोकेर जानुपर्ने बाध्यता होटल सञ्चालनमा आएसँगै हटे पनि सञ्चार र विद्युत्‌को पहुँच विस्तारमा लाग्नुपर्ने आवश्यकता देखिएको छ।

# बागलुङमा ४५ हजार परिवार स्वास्थ्य बिमामा सूचीकृत

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असोज

जिल्लामा ४५ हजार ३९५ परिवार स्वास्थ्य बिमा कार्यक्रममा सूचीकृत भएका छन् । यहाँ ती परिवारका एक लाख ४१ हजार ५०९ जना आबद्ध भएका छन् ।

विसं २०७३ असारदेखि जिल्लामा लागू गरिएको हो । गतवर्ष एक लाख २६ हजार बिमामा आबद्ध भएकामा हाल १५ हजार बढेर एक लाख ४१ हजार ५०९ जना पुगेका छन् । न ा ै वर्षअघि सुरु भएको स्वास्थ्य बिमामा आबद्ध हुनेको सङ्ख्यामा क्रमशः वृद्धि भइरहेको छ । जिल्लाको धौलागिरि अस्पताल, बागलुङ नगर अस्पताल, गलकोट नगर अस्पताल, जैमिनी नगर अस्पताल र ढोरपाटन नगर अस्पतालबाट स्वास्थ्य बिमाको प्रथम सेवाविन्दु दिइरहेका छन् । बिमामा आबद्ध हुनेको सङ्ख्या बढ्दै गएपछि हाल बडिगाड आधारभूत अस्पताल प्रथम सेवाविन्दुमा थपिएको स्वास्थ्य बिमा बोर्ड बागलुङका संयोजक नारायणप्रसाद पौडेलले बताउनुभयो । उहाँका अनुसार यसमा एक लाख ४१ हजार ५०९ जना आबद्ध भएका मध्ये ७४ हजार ६०२ महिला र ६६ हजार ९०३ पुरुष रहेका छन् । "स्वास्थ्य बिमामा आबद्ध भएपछि निःशुल्क एक लाखसम्मको स्वास्थ्य उपचार पाइने भएकाले नागरिक यसमा आबद्ध भएका छन्", पौडेलले भन्नुभयो, "क्रमशः स्वास्थ्य बिमा गराउनेको सङ्ख्या बढिरहेको छ, यो वर्ष मात्रै १६ हजार नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । वर्षमा एकपटक प्रिमियम तिरेपछि वर्षभरि सरकारी अस्पतालमा उपचार पाइने भएकाले अधिकांशले स्वास्थ्य बिमा गर्न थालेका हुन् ।" दुई लाख ४९ हजार २११ जनसङ्ख्या रहेको बागलुङमा ५० प्रतिशतभन्दा बढीले स्वास्थ्य बिमा गरिसकेका छन् । जनसङ्ख्या धेरै भए पनि रोजगारी र अन्य कारणले विदेश पलायन दर तीव्र बढिरहेकाले यहाँ बस्ने अधिकांशले स्वास्थ्य बिमा गर्न थालेको पौडेलको भनाइ छ । स्वास्थ्य बिमा कार्यक्रमअनुसार पाँच जनासम्मको परिवारका सदस्यले वार्षिक रु तीन हजार ५०० तिर्नुपर्ने र पाँचभन्दा बढी परिवारका सदस्य भएकाको हकमा प्रतिसदस्य रु ७०० का दरले शुल्क बुझाइ एक वर्षका लागि बिमा गरेका परिवारका सदस्यको वार्षिक रु एक लाखसम्म निःशुल्क उपचार खर्च हुने व्यवस्था छ । बिमा गरेपछि प्राइभेट क्लिनिक जाने बिरामी सरकारी अस्पताल तथा स्वास्थ्य चौकी जाने प्रचलनसमेत बढेको स्वास्थ्य बिमा दर्तामा आबद्ध कर्मचारी सरिता शर्माले बताउनुभयो ।

# व्यासगुफामा एकमहिने विश्व ॐकार पर्व

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० असोज

व्यास ऋषिको तपोभूमि व्यास नगरपालिका-३ व्यासगुफा क्षेत्रमा एकमहिने दशौँ विश्व ॐकार तथा हिन्दू महामिलन पर्वका साथै श्रीमद्‌भागवत् सप्ताह ज्ञान महायज्ञ हुने भएको छ।

वेदअनुयायी प्रतिष्ठान केन्द्रीय कार्यसमितिको आयोजनामा महामिलन पर्व कात्तिक १ गतेदेखि कात्तिक मसान्तसम्म र श्रीमद्‌भागवत महायज्ञ कात्तिक ९ देखि १७ गतेसम्म सञ्चालन गर्न लागेको हो । महामिलन पर्वको सन्त ओमबाबा र महायज्ञको प्राध्यापक आचार्य हरिहरण उपाध्यायले उद्‌घाटन गर्ने कार्यक्रम रहेको यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।ऋषिपराशरको तपोभूमि मातासत्यवतीको क्रिडास्थली र महर्षि वेदव्यासको अवतरणस्थल शुक्लामाहेन्द्रीको सङ्गममा धार्मिकस्थल व्यास प्रयाग रहेको छ । विगतका वर्षझैं यस वर्ष पनि विश्व ॐकार तथा हिन्दू महामिलन पर्वलाई निरन्तरता दिइएको प्रतिष्ठानका अध्यक्ष कृष्णकान्त काफ्लेले जानकारी दिनुभयो । महर्षि वेदव्यासको अवतदण भूमिलाई विश्व मञ्चमा पहिचान गराई व्यास प्रयागतीर्थका रूपमा पहिचान गराउन सहयोग पुग्ने विश्वास लिइएको सो प्रतिष्ठानले जनाएको छ । "श्रीमद्‌भागवत भागवत ज्ञान महायज्ञ हामी सबै गाउँ, नगर, देशवासी विश्व ॐकार परिवार र वेदानुयायीहरूको साझा कार्यक्रम हो", उहाँले भन्नुभयो, "यज्ञमा सबै जातजाति, वर्ण, लिङ्ग सम्प्रदायको सहभागिता गराइनेछ ।" "भागवत सप्ताह लगाउने सबैको चाहना हुने तर लगाउने समय र अर्थ परिवेश वातावरणका कारण लगाउन सकिरहेका हुँदैनन् त्यस्ता महानुभावहरूले यज्ञमा कर्ताका रूपमा उपस्थित भई आफ्नो अभिष्ट शिद्ध गर्न सक्नेछन्", काफ्लेले भन्नुभयो । प्रतिष्ठानले महायज्ञमा कर्ता बस्न चाहनेका लागि रु २५ हजार न्यूनतम शुल्क निर्धारण गरेको छ । महायज्ञमा रुद्री, बण्डी, वेद, प्राणको पाठपारायण ग्रहशान्ति, कालसर्प योग शान्तिकर्मसँगै सञ्चालन हुने समितिका उपाध्यक्ष ऋषिराम ढुङ्गानाले बताउनुभयो । उहाँले भन्नुभयो, "कर्ता हुनेले आ-आफ्ना पितृहरूको फोटा र बितेको ठाउँको माटो ल्याउनुपर्ने हुन्छ । व्यक्ति, सङ्घसंस्था वा टोल, समूह पनि कर्ता बन्न पाइने व्यवस्था छ।" कात्तिक १ गतेका दिन विश्व ॐकार तथा हिन्दू महामिलन पर्व बिहान ११:०० बजे दमौलीमा शोभायात्रा गरी कार्यक्रमको उद्‌घाटन गरिने प्रतिष्ठानले जनाएको छ।

# बलेवा विमानस्थल सञ्चालन नहुँदा स्थानीयवासी निरास

**रासस**
पर्वत, ३० असोज

पर्वत सदरमुकाम कुश्माबजार नजिकै रहेको बलेवा विमानस्थल बन्द भएको ३६ वर्ष भए पनि हालसम्म सञ्चालनमा नआउँदा स्थानीवासी निरास बनेका छन्।

विसं २०२२ मा निर्माण गरिएको उक्त विमानस्थल विसं २०४८ सम्म सञ्चालन भए पनि त्यसपछि पूर्ण रूपमा बन्द छ । विमानस्थलमा भौतिक संरचना सम्पन्न भएपछि नियमित उडानको आशामा रहेका यहाँका नागरिकले नियमित उडान र सञ्चालनका लागि कुनै निकायबाट पहल नभएको गुनासो गरेका छन्।

पोखरा-बागलुङ सडक विस्तार भएपछि यात्रु अभावमा विमानस्थल बन्द भएको थियो। बन्द भएको २७ वर्षमा बागलुङ नगरपालिकाले सञ्चालनको प्रयास गरेको थियो। विसं २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालनमा ल्याइएकामा यात्रु अभावले छ महिना पनि नियमित सञ्चालन हुन सकेन। नेपाल एयरलाइन्स र तारा एयरलाइन्सका जहाजले केही महिना हिउँदमा धुलाम्मे र वर्खामा हिलाम्मे धावनमार्गमा उडान भरेका थिए।

अहिले रु आठ करोडभन्दा बढी खर्च गरेर धावनमार्ग, पार्किङ तथा टर्मिनल भवन मर्मतसम्भार गरेर आकर्षक बनाइएको छ । चौबीस मिटर चौडा, तारबारले घेरिएको, टर्मिनल भवन मर्मत गरेर रङरोगन गरिएको विमानस्थल हवाईजहाजको पर्खाइमा रहेको विमानस्थलका कार्यालय सहयोगी सविता शर्माले बताउनुभयो । उहाँका अनुसार नागरिक उड्डयन प्राधिकरणले रु आठ करोड खर्चेर चार वर्षअघिमात्र विमानस्थल कालोपत्र तथा अन्य पुराना पूर्वाधार मर्मत गरेको थियो । विमानस्थलमा गरेको लगानी जहाज नआउँदा बालुवामा पानीजस्तै भएको राम शर्माले बताउनुभयो । उहाँले विमानस्थलमा एक कार्यालय सहयोगीले नियमित रेखदेख गर्दै आउनुभएको छ। "यहाँ १८ देखि २४ सिट क्षमताका जहाज सञ्चालन गर्न सकिन्छ", उहाँले भन्नुभयो।

यो विमानस्थलमा हवाई सेवा नियमित भएमा बागलुङ जिल्लाका साथै पर्वत र म्याग्दीका जनतालाई समेत सुविधा पुग्ने स्थानीयको भनाइ छ । बागलुङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधि आइसकेपछि विमानस्थल सञ्चालन गर्न सातामा दुई दिन उडान भर्ने र यात्रु अभाव हुँदाको भाडा नगरपालिकाले व्यहोर्ने सम्झौता गरेपछि केही महिना सञ्चालनमा आएको थियो । पछि विमानस्थलको धावनमार्ग पक्की बनेपछि सेवा सञ्चालन झनै ठप्प बनेको छ।

कालोपत्र भएर चिटिक्क बनेको विमानस्थलमा अहिलेसम्म परीक्षण उडान पनि नभएको बागलुङ-१४ नारायणस्थानका वडाध्यक्ष एवं नगरपालिकाका प्रवक्ता चक्रबहादुर खत्रीले बताउनुभयो । उहाँले बलेवाका स्थानीय अझै जहाज आउनेमा आशावादी रहेका भन्दै पटकपटक जहाज चलाउन पहल भए पनि सार्थकता पाउन नसकेको उल्लेख गर्नुभयो।

हरेक सरकारका पर्यटन तथा नागरिक उड्डयनमन्त्रीलाई विमानस्थल अवलोकन गराउँदै आइएको जनाउँदै खत्रीले कसैबाट ठोस् पहल नभएको उल्लेख गर्नुभयो । "राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोर कालोपत्रको चरणमा रहेकाले कालोपत्र भइसक्दा यात्रु सहज ढङ्गले विमानस्थलमा आउने वातावरण भएमा विमानस्थल सञ्चालन हुन सक्छ। नगरले विमानस्थललाई पाइलट प्रशिक्षण केन्द्र तथा अल्ट्रालाइटजस्ता साहसिक उडानका लागि पहल गरिरहेको छ", उहाँले भन्नुभयो।

निजी क्षेत्रका एयरलाइन्सले यात्रु सुनिश्चितता नभएसम्म उडान भर्न नमान्ने गरेकाले समस्या भएको तत्कालीन विमानस्थलका पूर्वप्रबन्धक सूर्यबहादुर खत्रीले बताउनुभयो।

उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरको मध्यभागमा पर्ने विमानस्थलका कारण पर्यटन प्रवर्द्धनको सम्भावना भए पनि नियमित सञ्चालन गर्न नसकिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले स्वीकार गर्नुभयो । उहाँले नगरको पहलले मात्रै विमानस्थल सञ्चालन गर्न सम्भव नहुने जनाउँदै सङ्घीय, प्रदेश र स्थानीय सरकारको सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिनुभयो।

कालीगण्डकी करिडोर सम्पन्न भएपछि र कुश्मादेखि जोडिने यान्त्रिक पुल, बन्जी पुल र नयाँ बन्ने झोलुङ्गे पुल सम्पन्न भएपछि यात्रुको समस्या नहुने स्थानीय कमल जिसीले बताउनुभयो । त्यसका लागि अझै केही समय प्रतीक्षा गर्नुपर्ने उहाँको भनाइ छ।


## नाम सच्याईएको



स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १० (साविक करेण्डाँडा गाविस वडा नं. १, पछि पुतलीबजार नगरपालिका वडा नं. १२) स्थायी घर भएका टेकबहादुर थापाका नाति बुद्धसिंह थापाको छोरा भारतीय भूपू सैनिक नं. जेसी ६१७८७४ एफ सुवेदार मेजर अनेरी क्याप्टेन दिपक थापाको पत्नी अमृता कुमारी थापा मगरको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर अमृता कुमारी थापा मगर उल्लेख भएको र निजको पतिको भारतीय सेनाको पेन्सन अभिलेखमा नामथर अमृता थापा मात्र उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर भएता पनि ब्यक्ति एउटै भएको ब्यहोरा उल्लेखगरी जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट नामथर प्रमाणित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# प्रदेश अस्पतालमा बिरामीलाई शैया अभाव

**पोखरापत्र संवाददाता**
पर्वत, ३० असोज



जाडो याम सुरु हुन थालेसँगै पछिल्ला केही दिनयता प्रदेश अस्पतालमा बिरामीको सङ्ख्या उल्लेख्य मात्रामा बढ्दै गएको छ। चाप बढ्दै गएपछि बिरामीलाई शयूया अभाव भएको छ।

बिरामीलाई अस्पतालको आकस्मिक कक्षमै र कतिपय अवस्थामा भुइँमा राखेर उपचार गर्नुपर्ने बाध्यता बढेको पर्वत अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बाँस्तोलाले जानकारी दिनुभयो । उपचारका लागि आउने अधिकांश बिरामी भर्ना नै गर्नुपर्ने किसिमका रहेका उहाँको भनाइ छ। पछिल्ला केही दिनयता 'जनरल वार्ड'का शयूया बिरामीले भरिएपछि भर्ना गरेर राख्नुपनेलाई समेत आकस्मिक उपचारका लागि छुट्याइएका शयूयामा भर्ना गरेर राखिएको छ । डा बाँस्तोलाका अनुसार दैनिक तीन सय ५० जनाभन्दा बढी बिरामीको 'ओपिडी' र ' इमर्जेन्सी' कक्षमा उपचार गरिएको छ । एकै दिनमा तीन सय ९६ जनासम्मको उपचार गरिएको उहाँले बताउनुभयो।

पन्ध्र शयूयाको अनुमतिप्राप्त प्रदेश अस्पतालमा अहिले ६४ शयूया सञ्चालन गरेर सेवा सञ्चालन भइरहेको छ । अस्पतालमा रहेको कम जनशक्तिलाई परिचालन गरेर बिहान ७:०० देखि साँझ ७:०० बजेसम्म नै बहिरङ्ग सेवा प्रदान गरेर सेवा प्रवाह जारी छ।

डा बाँस्तोलाले भन्नुभयो, "भर्ना गरेर राख्नेगरी ओपिडीमा रहेका २६ वटै शयूया भरिएका छन्। गर्मी समय सकिएर चिसो सुरु भइसकेको छ, यो बेलामा बिरामीको सङ्ख्या हरेक वर्ष बढ्छ ।" बहिरङ्ग विभागका बिरामीले नै आकस्मिक उपचारका शयूया भरिएपछि आकस्मिक उपचारका बिरामी आएको अवस्थामा बहिरङ्गका बिरामीलाई शयूया अभाव भएको हो । त्यस्तो अवस्थामा आकस्मिक कक्षमा बसेर उपचार सेवा लिइरहेका बिरामीलाई भुइँमा नै राखेर भए पनि आकस्मिक अवस्थाका बिरामीलाई सेवा दिनुपर्ने बाध्यता भएको उहाँको भनाइ छ । सिजनल फ्लुका कारण एकै दिनमा १८ जनासम्म बालबालिकालाई भर्ना गरेर उपचार गरिएको डा एनिस श्रेष्ठले बताउनुभयो । उनीहरूमा मुख्यगरी ज्वरो, रुघाखोकी, बान्तालगायत समस्या देखिएको छ। यस्तै ज्येष्ठ नागरिकमा दम तथा श्वासप्रश्वासको समस्या छ । अस्पतालको आकस्मिक उपचारकक्षमा मात्र दैनिक करिब ४० जनाले सेवा लिइरहेका छन्। आकस्मिक कक्षमा आउनेहरूमा ज्वरो, दमसहितका श्वासप्रश्वास, झाडापखाला, बान्ता र केही सवारी दुर्घटनाका घाइते छन्।